# लुङ्ग्री गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## बडाचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

## २०८३/०८४ को प्रथम गाउँकार्यपालिका बैठकका संक्षिप्त निर्णयहरु:

(मिति २०८३/०४/१९)

| निर्णय नं. | निर्णयको विषय | निर्णयको ब्यहोरा |
|---|---|---|
| १. | **बार्षिक कार्ययोजना स्विकृत सम्बन्धमा** | आ.ब. २०८३/८४ को वार्षिक कार्यक्रम तथा बजेटलाई सहि समय र योजना बमोजिम खर्च गर्नका लागि बार्षिक कार्ययोजनाको महत्वपूर्ण भूमिका रहन्छ। सो को लागि लुङ्ग्री गाउँपालिकाको आ.ब. २०८३/८४ को बार्षिक कार्यक्रमहरु सञ्चालन गर्न यो कार्ययोजना महत्वपूर्ण रहेको हुँदा उक्त कार्ययोजना स्विकृत गरी पारित गर्ने। |
| २. | **कर्मचारी विज्ञापन गर्ने सम्बन्धमा।** | लुङ्ग्री गाउँपालिकाको लागि तत्काल कार्यसम्पादन गर्न अत्यावश्यक रहेका देहायका सेवा र समुहका कर्मचारीहरु लुङ्ग्री गाउँपालिकाको करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७९ बमोजिम नियुक्त गर्ने। यसरी पदपूर्ती गरिएका कर्मचारीहरु प्रदेश लोकसेवा आयोगले नियुक्त गरी पठाएका बखत स्वतः हट्ने गरी हाललाई विज्ञापन आव्हान गरी नियुक्त गर्ने।<br>देहायः<br>**अ.न.मी. सहायक चौथो तह- ३ जना (हार्जङ स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र जुतुङखोला र आधारभूत स्वास्थ्य केन्द्र नम्जाको लागि)**<br>**कार्यालय सहयोगी- १ जना (४ नं. वडा कार्यालयको लागी)** |
| ३. | **करार कर्मचारीहरुको करार सम्झौता नविकरण सम्बन्धमा** | लुङ्ग्री गाउँपालिकामा विगतका वर्षदेखि कर्मचारीहरु करारमा काम गर्दै आउनु भएको छ। गाउँपालिकाको दैनिक प्रशासन सञ्चालन गर्न, स्वास्थ्य संस्थाहरु सञ्चालन गर्न तथा विद्यालयहरु सञ्चालन गर्नका लागि तत्कालका लागि कर्मचारीहरु आवश्यक रहेको हुँदा प्रदेश लोकसेवा आयोगबाट कर्मचारी नियुक्त भएर आएपछि स्वतः कनिष्ठका आधारमा हट्ने गरी संघीय दरबन्दीका कर्मचारीहरु र पछि अर्को निर्णय नभइन्जेल सम्मका लागि गाउँपालिका अनुदान दरबन्दीका कर्मचारीहरुको करार म्याद ६ महिनाका लागि थप गर्ने। तथा पालिका अनुदान अन्तर्गत रहेका शिक्षकहरुको करार म्याद १ वर्षका लागि थप गर्ने। |

**द्रष्टव्य: निर्णयको पूर्ण पाठ तथा सम्बन्धित विस्तृत विवरण गाउँ कार्यपालिकाबाट प्राप्त गर्न सकिनेछ।*

# लुङ्ग्री गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बडाचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

## २०८३/०८४ को प्रथम गाउँकार्यपालिका बैठकका संक्षिप्त निर्णयहरु:

(मिति २०८३/०४/१९)

| | | |
|---|---|---|
| ४. | प्रदेश लोकसेवा आयोगमा कर्मचारी माग गर्ने सम्बन्धमा। | लुङ्ग्री गाउँपालिकामा स्विकृत दरबन्दी बमोजिम रिक्त रहेका पदहरुमा पदपूर्ती गर्नका लागि प्रदेश लोकसेवा आयोगमा दरबन्दी सहितको विवरण उल्लेख गरी माग आकृती फाराम भरी पठाउने। |
| ५. | आ.ब. २०८३/८४ को बार्षिक स्विकृत कार्यक्रमहरुको कार्यान्वयनका लागि विस्तृत परियोजना रिपोर्ट तयार पार्नुपर्ने भएको। | लुङ्ग्री गाउँपालिकाको आ.ब. २०८३/८४ को वार्षिक कार्यक्रम अन्तर्गतका बार्षिक योजनाहरु सम्पन्न गर्नका लागि आवश्यक योजनाहरुको विस्तृत परियोजना रिपोर्ट तयार पार्न प्रक्रिया अगाडी बढाउने। |
| ६. | लुङ्ग्री गाउँपालिका बाट भूमि प्रशासन सेवा सूचारु गर्ने सम्बन्धमा। | लुङ्ग्री गाउँपालिकाबाट स्थानीय जनताको माग तथा सेवा सुविधालाई मध्यनजर गर्दै भूमी प्रशासन सेवा सञ्चालन गर्न गाउँपालिका इच्छुक रहेकोले प्रस्ताव पेश गरिएकोमा हाल भूमि व्यवस्थापन तथा अभिलेख विभागद्वारा प्रारम्भिक रुपमा छनौट भएकोले सोको लागि आवश्यक जनशक्ति तथा पूर्वाधार तयार गर्ने क्रममा अत्यावश्यक जनशक्ति विज्ञापन गरी नियुक्त गर्ने तथा अत्यावश्यक पूर्वाधारहर निर्माण तथा खरिद गर्ने। |
| ७. | कार्य सम्पादन करार सम्झौता गर्ने सम्बन्धमा। | लुङ्ग्री गाउँपालिकामा कार्यरत सबै कर्मचारीहरुको कार्यसम्पादन करार गरी कार्यमा निखारता ल्याउन तथा कर्मचारीको मूल्याङ्कन गर्न आवश्यक रहेकोले लुङ्ग्री गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ले गाउँपालिका अध्यक्षसँग र अन्य कर्मचारीहरुले प्रमुख प्रशासकीय अधिकृतसँग कार्य सम्पादन करार सम्झौता गर्ने। |
| ८. | कर्मचारी व्यवस्थापन सम्बन्धमा। | कृषि ज्ञान केन्द्र, रोल्पाको पत्र बमोजिम प्रदेशबाट कार्यरत कर्मचारीलाई स्थानीय आवश्यकता अनुसार सेवा निरन्तरता दिने। |
| ९. | वडाको सिमाना हेरफेर सम्बन्धमा। | लुङ्ग्री गाउँपालिका वडा नं. २ र ३ बाट प्राप्त भएको सिफारिस र स्थानीयको माग समेतलाई समेटी आवश्यक भूमि व्यवस्था, सहकारी, संघीय |

# लुङ्ग्री गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## बडाचौर, रोल्पा

### लुम्बिनी प्रदेश, नेपाल

## २०८३/०८४ को प्रथम गाउँकार्यपालिका बैठकका संक्षिप्त निर्णयहरु:

(मिति २०८३/०४/१९)

| | | |
|---|---|---|
| | | मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएको गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गिकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३ बमोजिम जिल्ला स्तरीय समितिलाई आवश्यक कारवाहीका लागि लेखि पठाउने। |
| १०. | प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्ने सम्बन्धमा। | लुङ्ग्री गाउँपालिका अन्तर्गतका नदीहरु तथा स्लेट ढुंगा खानीको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्पन्न नगरी संकलन तथा बिक्री वितरण गर्न नमिल्ने भएकोले प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्न प्रक्रिया अगाडी बढाउने। |
| ११. | बार्षिक अनुगमन प्रतिवेदन पेश गर्ने सम्बन्धमा। | लुङ्ग्री गाउँपालिकाको आ.ब. २०८२/८३ मा सम्पन्न भएका वा निर्माण भएका निर्माण व्यवसायी, उपभोक्ता समिति लगायत द्वारा सम्पन्न भएका कार्यहरुको अनुगमन गरिएकोमा सो को एकिकृत बार्षिक अनुगमन प्रतिवेदन स्विकृत गर्ने। |
| १२. | संघीय करार सेवा तथा कार्यक्रम अन्तर्गत रहेका कर्मचारीहरुको महङ्गी भत्ता सम्बन्धमा। | लुङ्ग्री गाउँपालिका अन्तर्गतका कर्मचारीहरु मध्ये गाउँपालिकामा कार्यबोझ समेत बढि रहेको, संघीय निकायबाट समेत परिपत्र भई आएका देहायका कर्मचारीहरुलाई महंगी भत्ता उपलब्ध गराउने। |
| १३. | पालिका स्तरमा हुने खेलकुद व्यवस्थापन सम्बन्धमा। | लुङ्ग्री गाउँपालिका अन्तर्गत विभिन्न समयमा विभिन्न क्लब, समुह तथा संघ संस्थाद्वारा आयोजना गरिने खेलकुद प्रतियोगितालाई व्यवस्थित, मर्यादित, अनुशासित बनाउनका लागि मापदण्ड निर्धारण गर्ने। उक्त मापदण्ड कार्यान्वयनका लागि सार्वजनिक सूचना जारी गरी कडाईका साथ लागू गर्ने। |

अनिल रिजाल
कार्यपालिका सचिव

**द्रष्टव्य: निर्णयको पूर्ण पाठ तथा सम्बन्धित विस्तृत विवरण गाउँ कार्यपालिकाबाट प्राप्त गर्न सकिनेछ।*